# रुरुक्षेत्र गाउँपालिकाको २०७८/७९ को नीति तथा कार्यक्रम

## निर्णयहरु :

निर्णय नं. १ आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि गाउँसभाबाट देहाय बमोजिमको नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्वसम्मत् रुपमा गरियो ।

## सामाजिक विकास नीति

क) शिक्षा नीति

१. स्थानीय श्रोतका निजी शिक्षकहरुको तलवका लागि बिद्यालयको आवश्यकता र औचित्यको आधारमा PCF सेलरी उपलब्ध गराइने छ ।

२. कक्षा ३, ५ र ८ को गाउँपालिका स्तरीय परीक्षा प्रभावकारी ढंगले संचालन गरिनेछ ।

३. विभिन्न अतिरिक्त क्रियाकलाप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गरिनेछ ।

४. विद्यालयहरुलाई समायोजन गर्ने, सिकाईको स्तर र विद्यार्थी संख्या न्यून भएका विद्यालयवाट कक्षा घटाउने नीतिलाई निरन्तरता दिइनेछ ।

५. विद्यालय बस संचालनको खर्च स्वयं विद्यालयवाट व्यहोर्ने प्रतिवद्धता जनाउने माध्यमिक विद्यालयलाई बस खरिद गर्न अनुदानको व्यवस्था गरिनेछ ।

६. विपन्न परिवारका विद्यार्थीहरुलाई अंग्रेजी माध्यमका पाठ्यपुस्तक खरिदमा अनुदान उपलब्ध गराईनेछ ।

७. विद्यालयको पठनपाठन लगायत सम्पूर्ण क्षेत्रको जिम्मेवारी वहन र पारदर्शिताका लागि प्रत्येक वडाका लिडर माध्यमिक विद्यालयहरुमा सार्वजनिक सुनुवाईका कार्यक्रमहरु संचालन गरिनेछ ।

८. विद्यार्थीहरुमा नैतिक आचरण तथा अनुशासन कायम गर्नका लागि सबै माध्यमिक विद्यालयहरुमा स्काउट शिक्षाको व्यवस्था गरिनेछ ।

९. स्थानीय पाठ्यक्रम र तदनुरुप पाठ्यपुस्तकको विकास गर्ने तथा अंग्रेजी माध्यमका पाठ्यपुस्तक निर्धारण गर्ने कार्य गरिनेछ ।

१०. शिक्षकहरुको दक्षता अभिवृद्धिका लागि तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।
११. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका अध्यक्षहरुबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
१२. कार्य सम्पादनको आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।
१३. दृष्टिविहिन, अटिजम लगायत बौद्धिक अपाङ्गता भएका बालबालिकाको लागि सिकाई र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरिनेछ ।
१४. शिक्षक छनौट र नियुक्तिको लागि रोष्टर छनौट तथा प्रश्न बैंक निर्माण गरिनेछ ।
१५. संस्कृत शिक्षालाई आकर्षक गर्नको लागि उपयुक्त नीति अवलम्वन गरिनेछ।
१६. विद्यालयमा अध्यनरत आधारभूत तथा माध्यमिक छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड उपलब्ध गराइनेछ |
१७. बालमैत्री गाउँपालिकाको अवधारणा तर्फ शैक्षिक क्रियाकलाप उन्मुख हुनेछ।
१८. कोभिड-१९ बाट शिक्षाक्षेत्रमा पर्न गएको असरलाई न्यूनीकरण गर्नको लागि बैकल्पिक शिक्षा लगायतका उपयुक्त नीति अवलम्वन गरिनेछ।
१९. बालविकास सहयोगी कार्यकर्ता र बिद्यालय कर्मचारीलाई प्रोत्साहित गरिनेछ।
२०. अंग्रेजी, गणित र बिज्ञान बिषयका शिक्षक अभाब भएका कक्षा ६-८ संचालित बिद्यालयलाई शिक्षण सहयोग अनुदानको व्यवस्था गरिनेछ।
२१. गरिब तथा जेहेन्दार बिद्यार्थीलाई छात्रवृति ब्यबस्थापन गरिनेछ।

## ख) स्वास्थ्य नीति

१. सवै स्वास्थ्य चौकीमा प्रत्येक २ महिनामा ल्याव र थप औषधी सहित डाक्टरहरुको टिम पठाउने कार्यलाई निरन्तरता दिइनेछ ।
२. गर्भवती महिलाहरुलाई आईरन चक्कीको साथै क्याल्सियम समेत निशुल्क उपलव्ध गराइनेछ ।
३. सुत्केरी हुने महिलाहरुलाई गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा रहेका वर्थिङ्ग सेन्टर सम्म निशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराइनेछ ।

४. रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १, रुरुमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ सैयाको सुविधा सम्पन्न अस्पताल वनाउने कार्यलाई कार्यान्वयन गर्न पहल गरिनेछ ।

५. आरोग्य शिविर तथा योग शिविरहरु संचालन गरिनेछ ।

६. स्त्री रोगका साथै अन्य स्वास्थ्य परीक्षण सम्वन्धी शिविर संचालन गरिनेछ ।

७. स्वास्थ्य चौकीहरुमा ल्याव व्यवस्थापन तथा वर्थिङ्ग सेन्टर स्थापना गर्ने कार्यलाई विस्तार गर्दै लगिनेछ ।

८. आयुर्वेद उपचार प्रणालीलाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।

९. सामुदायिक स्वास्थ्य एकाइहरु स्थापना गर्दै लगिनेछ |

## ग) खानेपानी तथा सरसफाई नीति

१. निर्माणाधीन लिफ्टिङ खानेपानीका योजनाहरु सम्पन्न गरिने छ ।

२. नयाँ खानेपानी आयोजना संचालन तथा संभाव्यता अध्ययन गरिनेछ ।

३. आकाशे पानी संकलनका लागि घैटा/ट्याङकीहरु निर्माण गरिनेछ ।

४. बलेटक्सार-रानीबास बजार क्षेत्र र रिडी बजारक्षेत्रका डम्पिङ साइटहरुलाई व्यवस्थित गरिनेछ ।

५. सरसफाई कार्यक्रमहरुलाई प्रभावकारी वनाईनेछ ।

६. फोहरमैला व्यवस्थापनलाई जोड दिईनेछ ।

७. बजार क्षेत्रको फोहर व्यवस्थापनको लागि स्थानीय बासीसँग साझेदारीमा कार्य संचालन गरिनेछ ।

८. बजारक्षेत्रमा रहेका काम नलाग्ने कवाडी सामानहरुको उचित व्यवस्थापन गरिनेछ ।

## घ) महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी नीति

१. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव, हिंसा र शोषणको अन्त्य गर्न वडास्तरीय सचेतनामूलक कार्यक्रम तथा आवश्यक सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. ७० वर्ष नाघेका गाउँपालिका भित्रका जेष्ठ नागरिक र 'क' वर्गका पूर्ण अपाङ्गहरुको लागि स्वास्थ्य संस्थाहरुमा उपलव्ध सवै सेवा, परीक्षण तथा औषधोपचार पूर्ण रुपमा निशुल्क गरिनेछ ।

३. बालअधिकार सम्बन्धी चेतना अभिबृद्धि गराउने कार्यक्रमहरु संचालन गरिनेछ ।

४. किशोरी तथा महिलाहरुको लागि आत्मरक्षा तालिम संचालन गरिनेछ ।

५. विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा पहुँच पुऱ्याइनेछ ।

६. विभिन्न समुदायमा परम्परादेखि चलि आएका जात्रा, पर्व, धार्मिकस्थल, कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

७. महिला, आदिवासी जनजाति, युवा, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी विभिन्न शीपमूलक तथा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम एवं सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

### ङ) युवा तथा खेलकुद नीति

१. युवाहरुलाई व्यवसायिक सीपमुलक तालिमको माध्यमवाट स्वरोजगारीका लागि प्रोत्साहित गरिनेछ ।

२. वडाहरुमा कभर्डहल निर्माण तथा खेलकुद पूर्वाधार विकास गर्दै लगिनेछ ।

३. युवा क्लवहरु मार्फत संचालन हुने श्रृजनात्मक तथा रचनात्मक कार्यलाई सहयोग गर्ने नीति अपनाइनेछ ।

## संस्थागत विकास, सुशासन तथा सेवा प्रवाहः

### १.राजस्व परिचालन नीतिः

क. गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसलाई आधार मानी गाउँ कार्यपालिकाको राजस्व स्रोत, दर र दायरालाई फराकिलो बनाउदै लैजाने नीति अबलम्बन गरिनेछ ।

ख. आन्तरिक स्रोत तर्फका कर, दस्तुर, शुल्क, महशुल असुली व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

ग. कोभिड-१९ को दोस्रो लहरको कारण भएको बन्दाबन्दि बाट मर्कामा परेका व्यवसायीहरुलाई सहुलियत दिईनेछ ।

घ. भूमिकर/मालपोत, व्यवसाय कर, बहाल कर (घर जग्गा, सवारी साधन आदि), सिफारिस दस्तुर, विज्ञापन कर लगायत कर तथा अन्य स्रोतहरुको लागत अद्याबधिक गर्दै लगिनेछ र असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।

ङ. खेतीयोग्य जमिन बाँझो राखी खेती नगर्ने जग्गाधनीलाई थप कर, दस्तुर, शुल्क वा जरिवाना लगाईनेछ ।

च. गाउँपालिकाभित्र आन्तरिक आयका स्रोतहरुको पहिचान तथा परिचालन गरी आन्तरिक स्रोत वृद्दि गर्दै जाने नीति लिइनेछ ।

छ. कर प्रणालीलाई व्यवस्थित, वैज्ञानिक र पारदर्शी बनाईनेछ । कर प्रणालीलाई सूचना प्रविधिसँग आवद्द गरिनेछ ।

## २. मानव संसाधन नीतिः

क. गाउँ कार्यपालिकामा कार्यरत रहेका कर्मचारीहरुको आधारभूत तथा अन्य सेवा सुविधा नेपाल सरकार र प्रदेश सरकारको नीति बमोजिम कायम गरिनेछ । सेवा प्रवाहको आवश्यकता र औचित्यका आधारमा कुनै क्षेत्र/ निकायमा थप कर्मचारी अत्यावश्यक भएमा कानुनको परिधिभित्र रही सेवा करारमा कर्मचारी लिइनेछ ।

ख. जनप्रतिनिधि र कर्मचारीहरुको सीप दक्षता अभिबृद्दी गर्नका लागि आवश्यकता अनुसार तालिम, अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।

ग. कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा गाउँपालिकाबाट पुरस्कृत गरिनेछ, कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ ।

घ. कर्मचारीहरुलाई कार्यप्रेरणा जगाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण निर्माण गरिनेछ । यसको लागि कार्यबोझको आधारमा थप सुविधाको व्यवस्था गरिनेछ ।

ङ. विषयगत समितिलाई प्रभावकारी बनाउन तालिमको व्यवस्था गरिनेछ ।

## ३. सामान्य सेवा व्यवस्थापन नीतिः

क. गाउँपालिकाको प्रशासन व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

ख. कार्यसम्पादन प्रणालीलाई पारदर्शी, उत्तरदायी, मितव्ययी र छरितो बनाइनेछ ।

ग. कार्यसम्पादनको लागि आवश्यक नीति, नियम, कानुनहरुको तर्जुमा गरिनेछ ।

घ. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता गरिएकोमा आगामी आ.व. देखी प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरुबीच कार्यसम्पादन सम्झौता गरिनेछ ।

ङ. सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाइनेछ, विद्युतीय सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ।

च. सबै वडा कार्यालयमा नागरिक वडापत्र तथा सूचना पाटिहरुको व्यवस्था गरी सेवा प्रवाहलाई पारदर्शी तथा प्रभावकारी बनाइनेछ ।

छ. विद्युतीय हाजिरीलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ, यसै वर्षदेखि विद्यालयस्तर सम्म थप विस्तार गरिनेछ ।

ज. कार्यालय व्यवस्थापनको लागि आवश्यक फर्निचर, मेसिनरी औजार, उपकरणको व्यवस्था गर्नुका साथै डाटा बेसलाई व्यवस्थित गर्न राजस्व र योजना शाखामा सफ्टवेयर जडान गरिनेछ ।

झ. भौतिक पूर्वाधार विकास क्रियाकलापलाई थप गुणस्तरीय बनाइनेछ, निर्माण कार्यको गुणस्तर मापनको लागि प्राविधिक शाखामा आवश्यक उपकरण खरिद गरिनेछ ।

ञ. जनताको घरदैलोमै पुगेर दिईने सेवाको दायरा विस्तार गरिनेछ, गाउँपालिकाबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन एकीकृत घुम्ति सेवा प्रवाह गरिनेछ ।

ट. गाउँपालिकाको सम्पूर्ण गतिबिधिलाई समावेश गरी मासिक रुपमा E-Bulletin प्रकाशन गरिनेछ ।

ठ. गाउँपालिका भित्रका कृषि उपजलाई विक्री वितरण गर्न स्थानीय संघ/सस्थासँग सहकार्य गरी वडा नं. १ रिडीमा एक कोसेली घर संचालन गरिनेछ, साथै वडा नं. १ र ४ मा साप्ताहिक रुपमा हाट बजार संचालन गरिनेछ ।

ड. अव्यवस्थित बसोबास र सुकुम्बासी समस्या समाधान गर्न आवश्यक पहल गरिनेछ।

ढ. बोलपत्र मार्फत संचालन गरिएका विकास निर्माणका कार्यहरु विद्युतीय बोलपत्र मार्फत गरिएकोमा उक्त कार्यलाई निरन्तर रुपमा संचालनमा ल्याईनेछ।

ण. सार्वजनिक खरिद गुरुयोजना तयार गरिनेछ र सार्वजनिक खरिद प्रक्रियाको बारेमा उपभोक्ता समिति, संघ/ संस्था र विद्यालयहरुलाई तालिम प्रदान गरिनेछ।

त. रिडीमा व्यवस्थित शवदाह गृह निर्माण गरिनेछ ।

## ४. संस्थागत क्षमता विकास नीतिः

क. कार्यालयको भौतिक पूर्वाधार विकासको लागि गाउँपालिका कार्यालय भवन निर्माणको प्रक्रियालाई निरन्तरता दिईनेछ, वडा नं. २ र ६ को वडा कार्यालय भवन निर्माण गरिनेछ ।

ख. विद्युतको वैकल्पिक आपूर्तिका लागि ग्वादी स्वास्थ्य चौकी, रिमुवा स्वास्थ्य चौकी, रुरु स्वास्थ्य चौकी र बलेटक्सार स्वास्थ्य चौकीमा सौर्य उर्जाको जडान गरिनेछ, साथै वडा कार्यालयहरुमा समेत क्रमशः जडान गर्दै लगिनेछ।

## ५. सुरक्षा व्यवस्थापन नीतिः

क. सबै वडा कार्यालय परिसर र वडा नं. ४ र ५ को रानीबास बजार क्षेत्रमा सिसि क्यामेरा जडान गरिनेछ।

ख. गाउँपालिका केन्द्रमा प्रहरी चौकी स्थापनाको लागि आवश्यक पहल एवं समन्वय गरिनेछ ।

ग. स्थानीय संघ, संस्था, क्लब, नागरिक समाज, राजनीतिक दल, महिला समुह आदि सँग रचनात्मक क्रियाकलाप संचालन गरिनेछ ।

## ६. स्थानीय तथ्यांक तथा अभिलेख व्यवस्थापन नीतिः

क. कार्यालयको डाटाबेस व्यवस्थित गरी सबै अभिलेखलाई कम्प्युटर प्रणालीमा अभिलेखीकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

ख. कार्यालयमा रहेका सफ्टवेर र वेवसाइटलाई अद्यावधिक राखिनेछ ।

ग. गाउँपालिकाको पार्श्वचित्र अद्यावधिक र परिमार्जन गरी प्रकाशन गरिनेछ ।

घ. अभिलेख व्यवस्थापन गरी भरपर्दो र प्रभावकारी बनाइनेछ।

ङ. गाउँपालिकाबाट हालसम्म जारी गरिएका ऐन, नियमावली, निर्देशिका, कार्यविधिको एकीकृत पुस्तक प्रकाशन गरिनेछ ।

## ७. सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण नीतिः

क. सार्वजनिक निकायबाट भए गरेका कार्यहरुको जनताले प्रत्यक्ष रुपमा जान्न बुझ्न पाउने अधिकारलाई सुनिश्चित गर्दै आगामी आर्थिक वर्षको प्रत्येक चौमासिक अवधिमा सार्वजनिक सुनुवाई गरिनेछ ।

ख. कार्यालय र वेवसाइटमा Rate Our Service को व्यवस्था गरिनेछ ।

ग. गाउँकार्यपालिका/वडाहरु संचालन हुने आयोजनाहरुको आयोजनास्थल वा सम्बन्धित वडा कार्यालयमा उपभोक्ता नागरिक समाज, सरोकारवाला सबैको सहभागितामा सार्वजनिक परिक्षण गरिनेछ ।

## ८. अनुसन्धान तथा विकास नीतिः

क. गाउँपालिका क्षेत्रको समन्वयात्मक र सन्तुलित विकासको लागि क्षेत्रगत नीति, रणनीति, गुरुयोजनाको आवश्यकता पर्दछ । आगामी आर्थिक वर्षमा सडक, उर्जा आवास आदि क्षेत्रको सुक्ष्म अध्ययन, विश्लेषण गरी गुरुयोजना तयार गरिनेछ ।

# आर्थिक विकास नीति

## क. कृषि, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी नीति

१. व्यवसायिक, कृषक, कृषक समूह तथा कृषक सहकारी संस्थाहरुलाई प्रोत्साहित गरिनेछ।

२) कृषि यन्त्र, उपकरण तथा औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ।

३) गाउँपालिकाभित्र आँप, कागती, सुन्तला, लिची, मालबोक केराको हाइटेक नर्सरी विकास गरिनेछ।

४) गाउँपालिकामा बिउ बैंक स्थापना गरी किसानलाई कृषि प्राविधिकको सिफारिस अनुसारको बिउ प्रयोग गर्न प्रेरित गरिनेछ।

५) कृषि बिमा कार्यक्रम सञ्चालन गरिनेछ।

६) बाली संरक्षण कार्यक्रम संचालन गरिनेछ।

७) तरकारीबाली, नगदेबाली, फलफूल, दुध तथा मासुको बजारीकरणको प्रबन्ध गरिनेछ।

८) यसै आर्थिक वर्षमा कोल्डस्टोर निर्माण कार्य प्रारम्भ गरि आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गरिनेछ ।

## ख) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन  र नियन्त्रण सम्बन्धी नीति

१) रैथाने बालीको संरक्षण तथा प्रबर्द्धन गरिनेछ ।

२) कृषि सम्बन्धी सूचना तथा तथ्यांकको संकलन तथा अद्यावधिक गरिनेछ ।

३) कृषि, विउ विजन, नश्ल, मलखाद र रासायनिक मल तथा औषधीहरुको आपूर्ति उपयोग र नियमन गरिनेछ ।

४) कृषि विषय अध्ययन गरेका विद्यार्थीहरु, कृषक समूह, कृषि सहकारी तथा कृषक संजाल लगायतका संघ संस्थाहरुसँग समन्वय, व्यवस्थापन र नियमन गरिनेछ ।

५) प्राङ्गारिक खेती, कम्पोष्ट तथा जैविक मलको उत्पादन प्रवर्द्धन र प्रचार प्रसार गरिनेछ ।

६) एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन  गरिनेछ ।

७) अन्य सरकारी तथा गैरसरकारी  संघ संस्था तथा निकायको सहकार्यमा कृषि संग सम्बन्धित योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

८) बलेटक्सार र रिडी बजार  क्षेत्रमा साप्ताहिक हाटबजार संचालन गरिनेछ । यसको लागि यस क्षेत्रमा रहेका उद्योग वाणिज्य संघ, कृषक सञ्जाल तथा कृषक सहकारी संस्थाहरुसँग सहकार्य र समन्वय गरिनेछ ।

## ग) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी नीति

१) पशुपन्छी बजार प्रबर्द्धनका लागि संकलन केन्द्र स्थापना गरिनेछ ।

२) पशुपन्छी वीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

३) उन्नत नश्ल सुधार तथा कृत्रिम गर्भाधानको  सेवा सुविधा प्रभावकारी रुपमा प्रसार गरिनेछ ।

४) उन्नत गोठ सुधार, भकारो सुधार, खोर सुधार तथा प्राङ्गारिक मल उत्पादन कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

५) पारा भेटेनरी व्यवसायीको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन गरिनेछ ।

६) स्थानीय हावापानीमैत्री पोषणयुक्त डालेघाँस र भुइँघाँस उत्पादन तथा संरक्षण गरिनेछ ।

७) उत्पादनको आधारमा अनुदान उपलब्ध गराईनेछ ।

८) जग्गा लिजमा दिने कार्यको लागि (भूमि बैंक) व्यवस्था गरिनेछ ।

९) भैंसी प्रबर्द्धन गर्नका लागि भैंसी पालक किसानहरुलाई अनुदान उपलब्ध गराईनेछ ।

१०) अति विपन्न वर्गलाई बाख्रा र स्थानीय जातका कुखुरा पालन कार्यक्रममा अनुदानको व्यवस्था मिलाइनेछ ।

११) कृषकहरुलाई प्राविधिक र पशु चिकित्सकीय सेवा उपलब्ध गराइनेछ ।

१२) कृषकहरुलाई सहुलियतपूर्ण ऋणको व्यवस्थापन गर्नको लागि सहजीकरण गरिनेछ ।

## घ) बैंक, वित्तिय संस्था तथा सहकारी सम्बन्धी नीति

१) गाउँपालिकामा सहकारी सम्बन्धी शाखा र कर्मचारीको व्यवस्था गरी सहकारी सम्बन्धी तथ्यांक तथा सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

२) गाउँपालिकामा सञ्चालित एउटै प्रकृतिका एक सय भन्दा कम शेयर सदस्य रहेका सहकारी संस्थालाई एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

३) कार्यक्षेत्र भित्रका योग्य सदस्यहरुलाई सम्बन्धित सहकारी संस्थाहरुमा सदस्य बनाई सहकारीमा सदस्य विस्तारको नीति बनाइनेछ ।

४) रासायनिक मल सुलभ तरिकाले कृषकहरुलाई उपलब्ध गराउन सहकारी संस्थाहरुलाई जिम्मेवार बनाइनेछ ।

५) सहकारी संस्थाका संचालक, लेखा समितिका पदाधिकारी तथा व्यवस्थापकहरुलाई लेखा व्यवस्थापन तथा नेतृत्व विकास तालिम लगायतका तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।

६) गाउँपालिका भित्रका सम्पूर्ण सहकारीहरुलाई कोपोमिस प्रणालीमा लैजानको लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

**ङ) लघु, घरेलु, साना उद्योग तथा वाणिज्य सम्बन्धी नीति :**

१) साना उद्योग, घरेलु उद्योग, लघु उद्यममा संलग्न उद्यमीले बैंक, वित्तीय संस्था, सहकारी आदिबाट ऋण प्राप्त गर्न आवश्यक सहजीकरण गरिनेछ ।

२) कृषिमा आधारित साना घरेलु उद्योगलाई प्रोत्साहित गरिनेछ ।

३) गुणस्तर, नापतौल तथा मूल्यमा एकरुपता कायम गर्न जिल्ला प्रशासन र उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।

४) पसलहरुमा अनिवार्य रुपमा उपभोक्ताहरुले देख्ने गरी मूल्यसूची राख्न उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।

५) गुणस्तरीय र सुलभ बजारको लागि उपभोक्ता सचेतना अभिवृद्धि कार्यक्रम संचालनको साथै बजारको नियमित अनुगमन र नियमन गरिनेछ ।

६) मदिरा तथा सूर्तीजन्य पदार्थ बेचविखन तथा नियन्त्रण सम्बन्धी कार्यविधि, २०७६ लाई प्रभावकारी ढंगले कार्यान्वयन गरी मदिरा तथा सूर्तीजन्य पदार्थ बेचविखन र सेवन कार्यलाई नियन्त्रित र व्यवस्थित गरिनेछ ।

७) गाउँपालिकाभित्र औधोगिकग्राम स्थापनाको लागि सम्भाव्य क्षेत्र पहिचान गरी कार्यान्वयन गरिनेछ ।

८) कृषि, जडिवुटी, पर्यटन र वन सम्पदासँग सम्बन्धित मध्ये सम्भाव्य उद्योगहरु स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

**च) पर्यटन नीति**

१) गाउँपालिका क्षेत्रका साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रको पहिचान, अभिलेखिकरण तथा संरक्षण गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

२) रिडीको धार्मिक तथा पर्यटकीय विकासको लागि तयार गरिएको गुरुयोजना र डि.पि.आर अनुसारको कार्य संचालन गरिनेछ ।

३) बम्घाकोटको पर्यटकीय विकासको लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४) श्रृङ्गेश्वर क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

### छ) रोजगारी सम्बन्धी नीति

१) सीपमूलक तालिम, व्यवसायजन्य तालिमको माध्यमबाट रोजगार तथा स्वरोजगार सृजना गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।

२) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

३) विदेशबाट फर्केका बेरोजगार युवाहरुलाई रोजगार सुचना केन्द्रमा सूचीकृत गरी कामका लागि पारिश्रमिक आयोजनाहरुको काममा लगाइनेछ ।

४) विशेष सीप र दक्षता भएका युवाहरुलाई उनीहरुको सीप दक्षता अनुसारको काम पाउने अवस्था सिर्जना गर्ने तर्फ पहल गरिनेछ ।

५) बाँझो जग्गामा कृषकहरुसँग सम्झौता गरी कृषि कार्य गर्न बेरोजगार व्यक्तिहरुलाई आकर्षित गरिनेछ ।

६) लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सिर्जना गरिनेछ ।

## पूर्वाधार विकास नीतिः

### क. सडक तर्फ

१. गाउँपालिका भित्रका प्रत्येक वडाका कुनै १ वटा मुख्य सडकलाई हिउँद वर्षा बाह्रै महिना सहज यातायात आवागमन गर्न मिल्ने गरी विकास गरिनेछ, जसको मर्मतको लागि विशेष कोष खडा गरिनेछ ।

२. गाउँपालिका भित्रका मोटरबाटो दशैं अगावै वर्षा कम भएपछी मात्र सफा गरिनेछ ।

३. गाउँपालिका भित्रका मोटरबाटोहरुको वर्गीकरण गरिनेछ ।

४. गाउँपालिका भित्रका सबै मोटरबाटोहरुको अधिकार क्षेत्र निर्धारण गरिनेछ, जसको लागि एक अधिकार निर्धारण समिति गठन गरिनेछ ।

५. खनिसकेका मोटरबाटोहरुको स्तर विकास, कालोपत्रे गर्दै जाने नीति लिईनेछ। गाउँपालिका भित्रका स्तर विकास र कालोपत्रे गर्न प्राथमिकीकरण गरिएका योजनाहरुको

गाउँपालिकाको बजेटले गर्न सक्ने गाउँपालिकाले गर्ने र गाउँपालिकाको पहुंच भन्दा माथिका योजनालाई सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

उल्लेखित नीति अनुसार तपसिल बमोजिमका योजनालाई प्राथमिकीकरण गर्दै कार्य आरम्भ गरिनेछ ।

अ. स्तर विकास/ग्राभेल तर्फ

- लोक्मा बेल्टारी मोटरबाटो
- बलेटक्सार-चौतारा-भंज्याङ्ग रिमुवा रुद्रवेनी मोटरबाटो
- चिदीगैरा सातमुरे भटकुवा मोटरबाटो
- आमपोखरा-लामाखर्क झमादी तालखोला मोटरबाटो
- बलेटक्सार-त्वाँगा हुँगा मोटरबाटो
- चौतारा- बम्घाकोट भंज्याङ्ग मोटरबाटो
- रातामाटा भण्डारीडाँडा चौतारा बगाउने मोटरबाटो
- बुढाआँप ठाडोबाटो हुँदै स्यालपोखरी मोटरबाटो
- पहिरा खहरेखेत कृषि सडक
- पिपलटारी विरुवा विष्णुपन्जर कृषि सडक मोटरबाटो
- भट्कुवा रह मकवादी दलित बस्ती रिडी मोटरबाटो
- चिलाउने पोखरी कोन्द्रा, तारुक मोटरबाटो
- बाँसटारी रुरुक्षेत्र वडा नं. २ वडा कार्यालय मोटरबाटो

आ) कालोपत्रे तर्फ

- गाउँपालिका भवन केन्द्र जोड्ने मोटरबाटो
- बलेटक्सार रानीबास टाहाटिम उल्लिखोला मोटरबाटो
- बलेटक्सार-रानीबास-चौतारा-बलेटक्सार रिंगरोड
- बलेटक्सार काब्रे श्रृङ्गेश्वर प्रा.वी. धरमपोखरा मोटरबाटो
- बलेटक्सार धोविघाट काउले रिमुवा रुद्रवेणी मोटरबाटो
- सालविसौना स्यालपोखरी पानीटंकी मोटरबाटो

## ख. ढल निकास तर्फ

१. गाउँपालिकाको मुख्य बजार क्षेत्रको घना बस्तीले वातावरण प्रदुषित भएकोले उक्त बजार क्षेत्रमा उचित ढल निकास गर्ने नीति लिइनेछ ।

२. उल्लेखित नीति अनुसार तपसिलका योजनाहरुलाई प्रमुख प्राथमिकीकरण गरी आवश्यकता अनुसार अन्य योजनाहरु समावेस गरिनेछ।

अ. बलेटक्सार-रानीबास बजार ढल निकास योजना

आ. रिडी बजार ढल निकास योजना

## ग. सिंचाई तर्फ

१. साना तथा मझौला सिंचाई आयोजनाहरुलाई उच्च प्राथमिकता दिईनेछ ।

२. ठूला सिंचाई आयोजनाको कार्यान्वयनको लागि तत् तत् निकायमा सिफारिस गरिनेछ ।

३. गाउँपालिकाले संचालन गर्ने साना तथा मझौला सिंचाई योजनाको हकमा विभिन्न पकेट क्षेत्र र ब्लक निर्धारण भएका क्षेत्रलाई उच्च प्राथमिकता दिइनेछ ।

४. उल्लेखित नीति अनुसार तपशिलका योजनाहरुलाई प्रमुख प्राथमिकता दिइनेछ ।

- काउलेखोला पिप्लेखर्क टाहाटिम बृहत सिंचाई योजना
- बेसिका चौर सिंचाई योजना
- रिमुवा अमराई सिंचाई योजना
- साँघर मस्यौदी तल्लो कुलो योजना
- बेलचौर लिफ्टीङ सिंचाई योजना
- जौखोला उपल्लो विरुवा सिंचाई योजना
- मिलकुलो मर्मत सिंचाई योजना
- काउले खोला टाहाटिम तल्लोकुलो सिंचाई योजना
- तल्लो विरुवा तालखोला सिंचाई योजना
- बढीघाट रुद्रवेणी लिफ्टिङ सिंचाई योजना

## घ. विद्युत तर्फ

१. नेपाल विद्युत प्राधिकरण अन्तर्गतका सेवा क्षेत्र भित्रका गुणस्तरीय सेवा प्रवाहका निम्ति जिल्ला विद्युत प्राधिकरण र पालिकाबीच समन्वय गरी सबै जनतालाई खतरामुक्त विद्युत लाईन विस्तार र व्यवस्थित गर्ने नीति लिइनेछ । जसको लागि प्रदेश तथा केन्द्र सरकार सँग समन्वय गरिनेछ ।

२. सामुदायिक ग्रामिण विद्युतीकरण भएका सेवा क्षेत्र भित्रका सेवाग्राहीलाई गुणस्तरीय र सुरक्षित सेवा प्रवाहका निम्ति उपभोक्ता र गाउँपालिकाबीच साझेदारीमा कार्य संचलान गरिनेछ ।

३. सामुदायिक विद्युतीकरणबाट लिएका सेवाग्राहीलाई नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइनमा आबद्ध गर्न पहल गरिनेछ।
४. विद्युतका काठका पोललाई स्टिल पोल मार्फत् विस्थापित गर्न पहल गरिनेछ।

### ङ. भवन निर्माण तर्फ

१. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालयहरुका निर्माण गर्न बाँकी र अधुरा भवनलाई सम्पन्न गर्न तत्काल कार्य आरम्भ गरी अगाडी बढाइनेछ ।
२. बजारक्षेत्र तथा बजार उन्मुख क्षेत्रभित्रका मुख्य मार्गभित्र बन्ने नयाँ भवन, निर्माण गर्नु पूर्व अनिवार्य नक्सा पास गराई मात्र भवन निर्माण गर्नुपर्नेछ ।
३. गाउँपालिका भवन, १५ सैयाको अस्पताल र कोल्डस्टोर भवन निर्माण कार्य समयमै सम्पन्न गर्ने गरी व्यवस्था मिलाइनेछ ।

उल्लेखित नीति अनुसार तपसिलका योजनालाई मुख्य प्राथामिकरण गरी कार्य संचालन गरिनेछ ।

- गाउँपालिका प्रशासनिक भवन
- १५ सैयाको अस्पताल
- कोल्डस्टोर भवन
- वडा नं. ६ वडा कार्यालय भवन
- वडा नं. २ वडा कार्यालय भवन
- अधुरा स्वास्थ्य चौकी भवन (रिमुवा, भटकुवा, ग्वादी, बलेटक्सार)
- अटिजम पाठशाला रिडी

## वन वातावरण संरक्षण तथा विपद् व्यवस्थापन नीतिः

### क. जलाधार संरक्षण नीति

१. जलाधार संरक्षण सम्बन्धी नीति कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन गरिनेछ ।
२. वन, वन्यजन्तु, जलाधार तथा प्राकृतिक स्रोतको संरक्षण तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्यक्रम स्थानीय संघ/संस्था, टोल विकास समिति परिचालन गरी गरिनेछ।
३. भूक्षय, पहिरो र नदि कटान क्षेत्रको पहिचान र डिजिटल म्यापिंग गरिनेछ ।

४. जल सतह संरक्षण एवम् पुनर्भरणका लागि उचित व्यवस्थापन गरिनेछ, प्रत्येक वडामा एक/एक रिचार्ज पोखरी निर्माण गरिनेछ ।
५. पानीको मुहान सरसफाई, घेराबार, वृक्षरोपण सम्बन्धी कार्यक्रम गरिनेछ ।

## ख. वन जंगल संरक्षण नीतिः

१. नदि उकास, नाङ्गो डाँडा खालि तथा पर्ती जमिनमा वृक्षारोपण गर्न स्थानीय संघ संस्था तथा समुदायसंग सहकार्य गरी हरियाली प्रवर्द्धन गरिनेछ ।
२. वनजंगललाई आगलागी तथा डढेलो नियन्त्रण गर्न अग्निरेखा निर्माण गरिनेछ।
३. जडिबुटीको पहिचान, संरक्षण, प्रवर्द्धन, कृषि वनको विकास, दिगो उपयोग र विस्तार गरिनेछ ।
४. रैथाने वन तथा विरुवाको संरक्षण एवं मुल्यवान प्रजातिका बोटबिरुवाको संरक्षण गरिनेछ ।
५. सामुदायिक वन, धार्मिक वन र निजी वन संरक्षण र उपयोग सम्बन्धी नीति कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

## ग. वन्यजन्तु, चराचुरुंगी तथा जैविक विविधता संरक्षण नीतिः

१. वन्यजन्तुको वासस्थान र सिमसार क्षेत्रको पहिचान र सो क्षेत्रको लगत संकलन गरिनेछ ।
२. गाउँपालिका क्षेत्रमा पाईने वन्यजन्तु, चराचुरुंगी तथा जैविक विविधताको अध्ययन गरी सुचिकृत गरिनेछ र अभिलेख व्यवस्थापन गरिनेछ।
३. चराचुरुंगी, वन्यजन्तु तथा जैविक विविधता संरक्षण गर्दै दिगो उपयोग मार्फत स्थानीय समुदायको जीविकोपार्जनसँग आबद्ध गरिनेछ ।

## घ. जल उपयोग नीति

१. पानीको स्रोत नभएका ठाउँमा वर्षातको पानी संकलन पोखरी तथा घैटो निर्माण गरिनेछ ।
२. उपलब्ध पानीको स्रोतलाई बहुआयामिक उपयोगबाट जीविकोपार्जन लगायत अन्य कार्यमा प्रयोग गरिनेछ ।
३. परम्परागत रुपमा रहेका पोखरीको संरक्षण गरिनेछ, तथा एक टोल एक पोखरी निर्माणको थालनी गरिनेछ ।

## ङ. वातावरण पर्यावरण संरक्षण

१. भूक्षय पहिरो नियन्त्रणको लागि बायो इन्जिनियरिंग प्रविधि प्रयोगको थालनी गरिनेछ जसको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम आबद्द गरिनेछ ।

२. स्वास्थ्य चौकीबाट निस्किने फोहोरमैलाको आवश्यक प्रसोधन गरी उचित व्यवस्थापन गरिनेछ।
३. सडक किनारा (Right of Way) मा डालेघास र भुईघाँस रोपिनेछ।
४. प्लास्टिक/प्लास्टिक जन्य सामग्रीको प्रयोग कम गर्दै स्थानीय स्तरमा उपलब्ध हुने वातावरणमैत्री सामग्री (जुटको झोला, दुना/टपरी, चोयाबाट निर्मित सामग्री) को प्रयोग बढाउदै लगिनेछ, हरित गाउँपालिकाको अवधारणा लागु गरिनेछ ।

## च. फोहोरमैला व्यवस्थापन नीतिः

१. घर, पसल, होटल, अस्पताल साना/घरेलु उद्योग आदिबाट निस्किने फोहोरमैलालाई उचित व्यवस्थापन गरिनेछ ।
२. फोहोरमैला संकलन केन्द्रको निर्माण गरी थप व्यवस्थापन सहित प्रयोग गरिने छ ।
३. फोहोरलाई मोहोरमा परिणत गरी गाउँपालिकाको आन्तरिक आयमा मद्दत पुर्याउने बारे आवश्यक अध्ययन गरिनेछ ।

## छ. ढल निकास तथा सार्वजनिक शौचालय नीतिः

१. बजार तथा बाक्लो बस्ति भएका क्षेत्रमा उचित ढल निकासको व्यवस्था गरिनेछ।
२. मुख्य सडकको किनारा, बजार केन्द्र, सार्वजनिक निकाय, पार्क/उद्यान तथा अन्य आवश्यक स्थानमा नियमित सरसफाई र हातधुने व्यवस्था सहितको बालमैत्री, अपाङ्गमैत्री, लैंगिकमैत्री सार्वजनिक शौचालयको व्यवस्थापन गरी नियमित रुपमा संचालन गरिनेछ।

## ज. जलवायु परिवर्तन नीतिः

१. जलवायु परिवर्तन पर्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्नका लागि वनजंगलको संरक्षण, पानीको स्रोतको उचित संरक्षण, व्यवस्थापन र वृक्षारोपण लगायतका कार्यक्रम संचालन गरिनेछ।
२. जलवायु परिवर्तनबाट वातावरणमा परेको असरको बारेमा जनचेतना अभिवृद्धि गरिनेछ।

## झ. विपद् व्यस्थापन सम्बन्धि नीति

१. विपद्को समयमा तत्काल राहत, उद्धारका कार्य गर्नका लागि विभिन्न सरोकारवालाको सहभागितामा एक र्‍यापीड रेस्पोन्स टिम (Rapid Response Team) को गठन गरिनेछ ।

२. पालिकाभित्र रहेका सबै स्वास्थ्य संस्थाहरु र जनशक्तिको क्षमता अभिवृद्धि गर्दै सेवाको गुणस्तर र दायरा बढाइनेछ ।
३. प्राकृतिक तथा गैर प्राकृतिक विपद्का कारण धनजनको क्षति पुगेका व्यक्तिहरुलाई गाउँपालिकाबाट प्रदान गरिने सहायता छिटो छरितो रुपमा उपलब्ध गराइनेछ ।
४. प्रकोप व्यवस्थापन तथा पुन निर्माणमा प्रदेश र संघीय सरकारसँग आवश्यक समन्वय सहकार्य गरिनेछ ।
५. भवन निर्माण संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ ।
६. सम्भावित विपद् जोखिम क्षेत्रको पहिचान गरिनेछ ।
७. भारत तथा अन्य कोरोना प्रभावित क्षेत्रबाट आउने व्यक्तिहरुलाई होम क्वारेन्टिनमा राख्ने, निशुल्क एन्टीजिन र पिसिआर परिक्षणको कार्य भैरहेकोमा उक्त कार्यलाई निरन्तरता दिईनेछ ।
८. आइसोलेसन सेन्टरको क्षमता अभिवृद्दि गर्दै कोभिड-१९ प्रभावित बिरामीलाई थप गुणस्तरीय उपचार प्रदान गरिनेछ ।
९. कोभिड संक्रमित बिरामीलाई आइसोलेसन सेन्टरसम्म ल्याउने र थप उपचारको लागि अन्यत्र लैजान निशुल्क एम्बुलेन्सको व्यवस्था गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।
१०.सबै उमेर समुहका नागरिकलाई कोभिड-१९ विरुद्धको खोपका लागि सम्बन्धित निकायमा पहल गरिनेछ र नागरिकलाई खोप लगाउन जागरुक गरिने।

निर्णय नं. २ गाउँसभाका सदस्य श्री पर्सुराम शर्मा ज्ञवालीबाट प्रस्तावित नीति तथा कार्यक्रम प्रति गाउँकार्यपालिका र अध्यक्षज्यूलाई धन्यवाद प्रस्ताव पेश गरेकोमा उक्त धन्यवाद प्रस्ताव सर्वसम्मत रुपमा पारित गरियो ।